# ललितपुर महानगरपालिका

𑐫𑐮 𑐩𑐴𑐵𑐣𑐐𑐬𑐥𑐵𑐮𑐶𑐎𑐵

# स्थानीय राजपत्र

**ललितपुर महानगरपालिकाद्धारा प्रकाशित**

**वर्ष ७, अतिरिक्ताङ्क १, ल.पु.म.न.पा., स्थानीय राजपत्र, भाग-१, मिति २०८०/०९/२९**

## भाग - १

### औद्योगिक व्यवसाय नियमन तथा प्रवर्द्धन गर्न वनेको ऐन, २०८०

प्रस्तावना: लघु, घरेलु र साना उद्योगको दर्ता नविकरण, खारेजी, नियमन प्रवर्द्धन र व्यवस्थापन गरी महानगरपालिका भित्र लगानीमैत्री वातावरण सृजना गरी औद्योगिक विकास तथा

उद्यमशिलतामा आधारित उत्पादनशील, प्रतिस्पर्धी र दिगो अर्थतन्त्र निर्माण तथा आर्थिक सम्बृद्धिका लागि नयाँ कानून तर्जुमा गर्न वाञ्छनीय भएकोले, ललितपुर महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम " **औद्योगिक व्यवसाय नियमन तथा प्रवर्द्धन ऐन, २०८०** " रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**उद्योग**" भन्नाले दफा १८ बमोजिमका उद्योगलाई सम्झनु पर्दछ ।

(ख) "**कारोवार**" भन्नाले उद्योगले आफ्नो उद्देश्य बमोजिम वस्तु वा सेवाको उत्पादन तथा वितरण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो उत्पादन तथा वितरणसँग सम्बन्धित अन्य कारोवार समेतलाई जनाउँछ ।

(ग) "**कार्यपालिका**" भन्नाले ललितपुर महानगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "**घरेलु उद्योग**" भन्नाले दफा १८ को उपदफा (१) खण्ड (ख) बमोजिमको उद्योगलाई सम्झनु पर्दछ ।

(ङ) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएको बमोजिम सम्झनु पर्दछ ।

(च) "**प्रदेश**" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख" भन्नाले महानगरपलिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले ललितपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(झ) "प्राथमिकता प्राप्त **उद्योग**" भन्नाले दफा २० बमोजिमको उद्योग संझनु पर्छ ।

(ञ) "**महानगरपालिका**" भन्नाले ललितपुर महानगरपालिकालाई सम्झनु पर्दछ ।

(ट) "**महाशाखा**" भन्नाले महानगरपालिकाको उद्योग सम्बन्धी विषय हेर्ने महाशाखालाई सम्झनु पर्दछ ।

(ठ) "**लघु उद्यम**" भन्नाले दफा १८ को उपदफा (१) खण्ड (क) बमोजिमको उद्योगलाई सम्झनु पर्दछ ।

(ड) "**वातावरणीय अध्ययन प्रतिवेदन**" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायबाट निराकरण वा न्यूनीकरण गर्नका लागि अबलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रूपमा गरिने अध्ययन तथा मूल्यांकन सम्झनु पर्छ ।

(ढ) "**स्थानीय उद्योग**" भन्नाले स्थानीय तहले दर्ता, व्यवस्थापन र नियमन गर्ने लघु, घरेलु तथा साना उद्योगलाई जनाउँछ। सो शब्दले संघीय तथा प्रदेश कानूनले स्थानीय तहले दर्ता, व्यवस्थापन र नियमन गर्ने भनी तोकेको सवै प्रकारका उद्योगलाई समेत जनाउँछ ।

(ण) "**समिति**" भन्नाले दफा ३२ बमोजिमको उद्योग प्रवर्द्धन समिति सम्झनु पर्छ ।

(त) "**साना उद्योग**" भन्नाले दफा १८ को उपदफा (१) खण्ड (ग) बमोजिमको उद्योगलाई सम्झनु

(थ) "**स्थिर पुँजी**" भन्नाले दफा १९ बमोजिमको सम्पत्ति सम्झनु पर्छ ।

## परिच्छेद -२
## उद्योग दर्ता र नियमन

३. **उद्योग दर्ता गर्नु पर्नेः** (१) कसैले पनि यस ऐन बमोजिम उद्योग दर्ता नगराई महानगरपालिका भित्र उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन ।

(२) यस ऐन बमोजिम उद्योग गर्न चाहानेले महाशाखामा उद्योग दर्ता गराउनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिम दर्ता भइ महमहानगरपालिका भित्र सञ्चालनमा रहेका उद्योग यस ऐन बमोजिम स्वतः दर्ता भएको मानिनेछ ।

(४) उपदफा (३) बमोजिम सञ्चालनमा रहेका उद्योगले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र महाशाखामा अभिलेख गरी अद्यावधिक गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम दर्ता भएको उद्योगले तोकिएको अबधि भित्र नविकरण गराउन महाशाखामा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लघु तथा घरेलु उद्योगको हकमा उद्योग सञ्चालन भएको छ महिना भित्र उद्योग दर्ता गर्न सकिनेछ ।

(७) प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्थाहरुले एकल तथा संयुक्त रुपमा उद्योग स्थापना तथा सञ्चालन गर्न चाहेमा यस ऐन बमोजिमका उद्योग दर्ता गरी सञ्चालन सक्नेछन् ।

४. **उद्योग दर्ता गर्न निवेदन दिनुपर्नेः** (१) यस ऐन बमोजिम उद्योग स्थापना गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा महाशाखा समक्ष निवेदन दिनु पर्नेछः-

(२) उपदफा (१) बमोजिम निवेदन तथा कागजातहरु विद्युतीय माध्यमबाट समेत दिन सकिनेछ ।

५. **उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्नेः** (१) दफा ४ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको देखिएमा निवेदन परेको पन्ध्र दिनभित्र महाशाखाले निवेदनमा माग भए बमोजिमको उद्योग दर्ता गरी तोकिए बमोजिमको ढाँचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन जाँचबुझ गर्दा थप विवरण वा कागजात आवश्यक देखिएमा सात दिनभित्र महाशाखाले निवेदकलाई आवश्यक कागजात पेश गर्न लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पुरा भएको नदेखिएमा महाशाखाले कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिंदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरू समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछ;

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति र दर्ता नम्वर

(ख) उद्योगको कानूनी स्वरुप, स्तर एवं किसिम,

(ग) उद्यमीको नामथर र ठेगाना

(घ) उद्योग स्थापना हुने ठेगाना,

(ङ) उद्योगको पुँजी तथा उत्पादन क्षमता र रोजगारी संख्या,

(च) उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

(छ) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका शर्तहरू ।

(५) यस दफा बमोजिम दर्ता भएको उद्योगले दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरू तथा महाशाखाले समय समयमा दिएको निर्देशन अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

६. **उजुरी गर्न सक्नेः** (१) महाशाखाले दफा ५ को उपदफा (३) बमोजिम उद्योग दर्ता गर्न अस्वीकृत गरेको निर्णय उपर चित्त नबुझेमा अस्वीकृत भएको जानकारी पाएको मितिले तीस दिनभित्र कार्यपालिका समक्ष उजुरी दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा कार्यपालिकाले आवश्यक छानविन गरी उजुरी परेको मितिले तीसदिन सो सम्बन्धमा आवश्यक निर्णय गरी सम्बन्धित उजुरीकर्तालाई जानकारी दिनेछ । यस सम्बन्धमा कार्यपालिकाले निर्णय अन्तिम हुनेछ ।

७. **उद्योग दर्ताको सिफारिस लिनुपर्नेः** (१) स्थानीय उद्योग बाहेक अन्य उद्योग महानगरपालिका भित्र दर्ता र सञ्चालन गर्न चाहेमा प्रचलित कानून बमोजिमको उद्योग दर्ता गर्ने निकायले तोकेको कागजात सहित महाशाखामा सिफारिसका लागि तोकिए बमोजिमको ढँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा महाशाखाले प्रचलित कानूनको अधिनमा रही तोकिए बमोजिम सिफारिस गर्न सक्नेछ ।

८. **<u>वातावरणमा प्रतिकूल असरको निराकरण गर्नुपर्नेः</u>** (१) प्रचलित वातावरण सम्बन्धी कानून तथा वातावरणिय दृष्टिले यस महानगरपालिका भित्र दर्ता गर्न नमिल्ने भनी महानगरपलालिकावाट निर्धारण गरिएका उद्योग दर्ता गरिने छैन ।

(२) प्रचलित वातावरण सम्बन्धी कानून बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरण परिक्षण गर्नु पर्ने उद्योगको हकमा वातावरणीय मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएपछि मात्र उद्योग दर्ता तथा सञ्चालन गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योगको पुँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप तथा परिवर्तन उद्योगको ठाँउसारी तथा स्थानान्तरण गर्नु पर्दा प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परिक्षण गर्नु पर्ने भएमा सो समेत गर्नु पर्नेछ ।

(४) सम्बन्धित उद्योगले स्वीकृत वातावरणीय मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित बिषय तथा शर्तहरुको पूर्ण

पालना गर्नुका साथै वातावरणमा पर्न सक्ने प्रतिकूल असरको समेत निराकरण गर्नु पर्नेछ ।

(५) यस दफा वमोजिम वातावरणीय प्रभावको न्यूनिकरण गरे नगरेको सम्बन्धमा महाशाखाले आवश्यकता अनुसार अनुगमन गरी निर्देशन दिन, कारवाही गर्न वा कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउन सक्नेछ ।

(६) महाशाखाले वातावरण लगायतका सम्बन्धमा दिएको निर्देशनको पालना गर्नु सम्बन्धित उद्योगको दायित्व हुनेछ ।

(७) वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परिक्षण गर्नु नपर्ने उद्योगले उद्योग दर्ताका लागि निवेदन दिंदा वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परिक्षण गर्नु नपर्नाको आधार र कारण सहित उद्योग स्थापन र सञ्चालन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव न्यूनिकरण गर्न आवश्यक पर्ने उपाय अवलम्वन गर्ने स्व-घोषणा गर्नु पर्नेछ ।

९. **अनुमति लिनु पर्ने उद्योगः** (१) प्रचलित कानून बमोजिम अनुमति तथा सहमति लिनु पर्ने उद्योगको हकमा सोही कानून बमोजिमको निकायवाट अनुमति वा सहमति लिए पछि मात्र उद्योग दर्ता हुनेछ ।

१०. **<u>व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनुपर्नेः</u>** (१) यस ऐन बमोजिम दर्ता भएका उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधि भित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरी पन्द्र दिनभित्र महाशाखामा सोको जानकारी गराउनु पर्नेछ ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिमको उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित अबधि समाप्त हुनु भन्दा कम्तीमा तीस दिन अगावै अबधि थपको लागि महाशाखामा निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको अबधि भित्र निवेदन दिन नसकेमा सोको आधार र कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित अबधि समाप्त भएको छ महिना भित्र अबधि वढाउनका लागि तोकिए बमोजिमको विलम्व शुल्क बुझाई महाशाखा समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा पेश गरेको आधार र कारण मनासिव देखिएमा उद्योग स्थापनाका लागि गर्नु पर्ने निर्माण

लगायतका कामको प्रगति हेरी महाशाखाले त्यस्तो उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम थप गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप गर्न हुन नसकेमा त्यस्तो निर्णय भएको मितिले सात दिनभित्र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम अवधि थपिएकोमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योगको सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ ।

(७) उपदफा (१) बमोजिमको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ नगरेमा वा उपदफा (२) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (४) बमोजिम थपिएको अवधिभित्र पनि त्यस्तो उद्योगले उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ नगरेमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र स्वतः खारेज हुनेछ ।

(८) उपदफा (७) बमोजिम उद्योगको दर्ता प्रमाणपत्र खारेज भएमा उद्योग महाशाखाको अभिलेखमा

रहेको त्यस्तो उद्योगको दर्ता प्रमाणपत्रमा कारण खुलाई खारेज भएको व्यहोरा जनाउनु पर्नेछ र सोको अभिलेख अद्यावधिक गर्नु पर्नेछ ।

**११. <u>अनुगमन तथा निरिक्षण गर्नेः</u>** (१) यो ऐन तथा यस ऐन अन्तर्गत वनेको नियमावली र उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरूको पालना गरे नगरेको सम्बन्धमा महाशाखाले उद्योगको अनुगमन तथा निरिक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी महाशाखाले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सिफारिस वा समन्वय गर्न सक्नेछ ।

(५) भष्ट्राचार, शान्ति सुरक्षा तथा कालोबजारी एवं तस्करी नियन्त्रण, राजस्व संकलनसँग सम्बन्धित निकाय वाहेक अन्य निकायले महानगरपालिकाको सहमति लिएर मात्र उद्योगको अनुगमन गर्न सक्नेछ।

**१२. <u>उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने</u>:** (१) कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले महानगरपालिका भित्रको अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएमा सोको कारण खुलाई महाशाखा समक्ष उद्योग स्थानान्तरणका लागि तोकिएको बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि मनासिब कारण देखिएमा प्रमुख प्रशासकीय अधिकृतले तोकिए बमोजिम उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ ।

(३) उपदफा(१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृति दिन मनासिब नदेखिएमा महाशाखाले सोको जानकारी सात दिनभित्र निवेदकलाई दिनु पर्नेछ ।

(४) उद्योग स्थानान्तरण सम्बन्धी तोकिए बमोजिम हुनेछ ।

१३. **विवरण उपलब्ध गराउनुपर्नेः** (१) प्रत्येक उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र महाशाखा समक्ष पेश गर्नु पर्नेछः-

(२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विवरण तोकिए बमोजिम विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम विवरण वा कागजात प्राप्त भएपछि महाशाखाले आफ्नो अभिलेख अद्यावधिक गरी सोको जानकारी सात दिनभित्र सम्बन्धित उद्योगलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योग एक आर्थिक बर्ष भन्दा वढि बन्द भएमा वा कुनै कारणले आफ्नो उत्पादन वा कारोवार नभए पनि ऊक्त अबधिलाई शुन्य अबधि मानी सोही अनुसार विवरण बुझाउनु पर्नेछ ।

तर त्यस्तो उद्योगले महाशाखालाई सो उद्योग बन्द भएको जानकारी गराई अभिलेखमा जनाए पछि बन्द भएको अबधिभरको विवरण बुझाउन आवश्यक पर्ने छैन ।

१४. **<u>उद्योग बन्द गरेमा जानकारी दिनुपर्नेः</u>** यस ऐन बमोजिम दर्ता भएको उद्योग कुनै कारणले बन्द भएमा वा उद्योगको व्यवसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन भएको मितिले सात दिनभित्र सम्बन्धित उद्यमीले महाशाखालाई तोकिए बमोजिम जानकारी दिनु पर्नेछ ।

१५. **<u>उद्योगको दर्ता खारेजी गर्न निवेदन दिन सकिनेः</u>** (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि महाशाखा समक्ष तोकिएको ढाँचामा निवेदन दिन सक्नेछः-

तर प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा महाशाखाले सम्बन्धित उद्योगले आफूले बुझाउनु पर्ने कर लगायतका सरकारी दायित्व तथा अन्य दायित्व फरफारक गरेको देखिएमा तोकिए बमोजिमको प्रकृया पुरा गरी उद्योग दर्ता खारेज गरी लगतकट्टा गर्नु पर्नेछ। सोको जानकारी सम्बन्धित निवेदक र सवै सरोकारवाला सरकारी निकायलाई दिनु पर्नेछ ।

१६. **<u>उद्योगको पुँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन गर्न स्वीकृति लिनुपर्नेः</u>** (१) कुनै उद्योगले आफ्नो

उद्योगको पुँजी वृद्धि वा क्षमता वृद्धि वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्न चाहेमा सोको स्वीकृतिका लागि महाशाखा समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछः-

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा महाशाखाले तोकिए बमोजिमको प्रकृया पुरा गरी त्यस्तो उद्योगको पुँजी वृद्धि वा क्षमता वृद्धि वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्न  तीस दिन भित्र स्वीकृति दिनु पर्नेछ।सो सम्बन्धी विवरण दर्ता प्रमाणपत्रमा समेत उल्लेख गर्नु पर्नेछ ।

**१७. <u>अभिलेख व्यवस्थापनः</u>** (१) उद्योग दर्ता, नविकरण, नामसारी, ठाँउसारी तथा स्थानान्तरण, पुँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप वा परिवर्तन  वा उद्योगलाई भएको कारवाही तथा खारेजी  लगायत उद्योग प्रशासनसँग सम्बन्धित सवै विवरणहरु अद्यावधिक गर्ने तथा अभिलेख सुरक्षित राख्ने दायित्व महाशाखाको हुनेछ ।

(२) सम्बन्धित उद्योगले उपदफा (१) सँग सम्बन्धित कागजात वा अभिलेख आवश्यक भएको भनी तोकिए बमोजिमको ढाँचामा महाशाखा समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन पर्न आएमा महाशाखाले  तोकिएको बमोजिम दस्तुर लिई

कागजात तथा अभिलेख प्रमाणित गरी उपलब्ध गराउनु पर्नेछ ।

(४) महाशाखाले आफूसँग भएको उद्योगसँग सम्बन्धित अभिलेख, कागजात वा अन्य विवरणहरु विद्युतिय रुपमा समेत सुरक्षित भण्डारण गर्न सक्नेछ। त्यस्तो अभिलेख कार्यबिधि बनाई विद्युतिय माध्यमवाट समेत आदान प्रदान गर्न सक्नेछ ।

## परिच्छेद -३

## उद्योगको वर्गीकरण

१८. **उद्योगको बर्गीकरणः** (१) यस ऐनको प्रयोजनको लागि उद्योगहरूलाई देहाय बमोजिम वर्गीकरण गरिएको छः-

(क) **लघु उद्यमः** देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछः–

(१) घर जग्गा बाहेक बढीमा वीस लाख रूपैंयाँसम्मको स्थिर पुँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार एक करोड रूपैंया भन्दा कम रहेको, र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन उपकरण वा मेसिन खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इञ्जिन क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको ।

(ख) **घरेलु उद्योगः** देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछः-

(१) परम्परागत सिप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इञ्जिन, उपकरण वा मेशिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाट सम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको,

(४) अनुसूची-१ मा उल्लेख भए बमोजिमका उद्योग।

(ग) **साना उद्योगः** लघु उद्यम र घरेलु उद्योग बाहेकको पन्द्र करोड रूपैयाँसम्म स्थिर पुँजी भएको उद्योग।

(२) उपदफा (१) मा उल्लिखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछः

(क) **ऊर्जामुलक उद्योगः** ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची-२ मा उल्लिखित उद्योगहरू।

(ख) **उत्पादनमुलक उद्योगः** कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरू।

(ग) **कृषि पशुपंक्षी तथा वन पैदावारमा आधारित उद्योगः** कृषि, पशुपंक्षी वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि, पशुपंक्षी वा वन पैदावारसँग सम्बन्धित अनुसूची-३ मा उल्लिखित उद्योगहरू।

(घ) **खनिज उद्योगः** प्रचलित कानूनले तोके बमोजिमका खनिज उद्योगहरु।

(ङ) **पर्यटन उद्योगः** पर्यटन सेवासँग सम्बन्धित अनुसूची-४ मा उल्लिखित उद्योगहरू ।

(च) **सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योगः** सूचना संकलन प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-५ मा उल्लिखित उद्योगहरू।

(छ) **पूर्वाधार उद्योग**: भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची-६ मा उल्लेख गरिएका उद्योगहरु।

(ज) **सेवामूलक उद्योग**: सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची- ७ मा उल्लिखित उद्योगहरु।

(३) कुनै उद्योगको दफा १६ बमोजिम पुँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप वा परिवर्तन भएमा त्यस्तो उद्योग उपदफा (१) बमोजिम जुन वर्गमा पर्ने हो सोही वर्गमा स्वतः बर्गिकृत भएको मानिनेछ।

(४) उद्योग बर्गिकरण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून अनुसार हुनेछ।

१९. **उद्योगको स्थिर पुँजी**: (१) यस ऐनको प्रयोजनको लागि उद्योगको स्थिर पुँजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तिलाई आधार मानी मूल्याङ्कन गरिनेछ :–

(क) जमिन तथा जमिनमुनि (अण्डरग्राउण्ड), अन्तरिक्ष, जल  वा जलमुनि निर्माण वा सुधार भएका भौतिक संरचना,

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना (जस्तैः ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली),

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत आपूर्ति तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली,

(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपूर्जा,

(छ) परिबहनका साधन,

(ज) कार्यालयका पुँजीगत सामग्री तथा उपकरण,

(झ) फर्निचर तथा फिक्सचर,

(ञ) सञ्चार सामग्री तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली ।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएको देहायका खर्चलाई पनि उद्योगको स्थिर पुँजीको रुपमा मूल्याङ्कन गरिनेछ :–

(क) पुँजीकृत गरिने प्राविधिक तथा सुपरिवेक्षण खर्च,

(ख) पूर्व लगानी तथा पूर्व सञ्चालन खर्च,

(ग) पुँजीकृत हुने ब्याज खर्च ।

(घ) उद्योग सञ्चालन पूर्वको वातावरणीय अध्ययन तथा अनुसन्धान खर्च।

**२०. <u>प्राथमिकता प्राप्त उद्योग</u>:** यस ऐनको अनुसूची-८ मा उल्लिखित उद्योगहरुलाई महानगपालिकावाट प्राथमिकता प्राप्त उद्योग मानिनेछ ।

## परिच्छेद - ४
## उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियत सम्बन्धी व्यवस्था

**२१. <u>कर सम्बन्धी छुट, सुविधा वा सहुलियत</u>ः** (१) यस ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई संघीय तथा प्रदेश कानून बमोजिम प्राप्त छुट, सुविधा वा सहुलियत अनतिक्रम्य हुनेछ।

(२) यो ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई तोकिए बमोजिम व्यवसाय कर छुट हुनेछ।

(३) उपदफा (१) र (२) मा उल्लिखित व्यवस्था वाहेक कार्यपालिकाले स्थानीय राजपत्रमा प्रकाशित गरी छुट सुविधा वा सहुलियत प्रदान गर्न सक्नेछ।

**२२. <u>जग्गा सम्बन्धी व्यवस्था</u>ः** यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानून बमोजिम आफैले खरिद गर्नु पर्नेछ ।

तर तोकिए बमोजिमको उद्योग सञ्चालन गर्ने उद्यमीले उद्योगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोही व्यहोरा खुलाई जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइ दिन अनुरोध गरेमा कार्यपालिकाले जग्गा खरिद वा जग्गा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय वा सहजीकरण गर्न सक्नेछ।

**२३.** **<u>लिजमा जग्गा उपलब्ध गराउने</u>**: (१) राष्ट्रिय वा स्थानीय प्राथमिकता प्राप्त उद्योग सञ्चालन गर्न नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उद्योगले आफूलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई उपलब्ध गराउन प्रमुख समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा कार्यपालिकाले उद्योगलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कारबाही अगाडि बढाउन सम्बन्धित निकायमा पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा प्रचलित कानून बमोजिम त्यस्तो जग्गा उद्योग सञ्चालनको प्रयोजनको लागि सम्बन्धित उद्योगलाई लिजमा उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा उपलब्ध गराए वापत उद्योगले तिर्नुपर्ने रकम र लिज सम्बन्धी अन्य शर्तहरू नेपाल सरकार र सम्बन्धित उद्योगबीच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) जग्गाको लिज सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**२४. छुट, सुविधा वा सहुलियतको प्रत्याभूतिः** यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भइ सञ्चालनमा रहेका उद्योगलाई यस ऐन र प्रचलित कानून बमोजिम प्रदान गरिएको छुट, सुविधा वा सहुलियतलाई सिमित गर्ने गरी कुनै व्यवस्था गरिने छैन।

**२५. औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्थाः** प्रचलित कानून बमोजिम स्थापना भएको उद्योगको लागि आवश्यकता अनुसार औद्योगिक सुरक्षाको अतिरिक्त स्थानीयस्तरमा सुरक्षित सञ्चालनको वातावरण बनाइ राख कार्यपालिकाले आवश्यक सहयोग, समन्वय वा सहजीकरण गर्नेछ।

**२६. अनुदान दिन** सक्नेः (१) विपद, बन्द हड्ताल जस्ता आपतकालिन अवस्थामा उद्योगले अकल्पनीय क्षति ब्यहोरेका उद्योगले उद्योगको पुनः सञ्चालनका लागि राहत

माग गरेकमा औचित्यताका आधारमा कार्यपालिकाले अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) आय आर्जन र रोजगारी वृद्धि गर्ने खालका उद्योगलाई कार्यबिधि वनाई अनुदान दिन सक्नेछ।

**२७. छुट, सुविधा वा सहुलियतको दुरूपयोग गर्न नहुनेः** यस ऐन बमोजिम उद्योगले प्राप्त छुट, सुविधा वा सहुलियत जुन प्रयोजनको लागि दिइएको हो सो प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्नेछ र त्यसको दुरूपयोग गर्न पाइने छैन।

## परिच्छेद- ५

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**२८. सजाय सम्बन्धी व्यवस्थाः** (१) कसैले दफा ३ बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा प्रमुखले त्यस्तो उद्योग तत्काल बन्द गर्न लगाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा पाँच हजार रुपैयाँ,

(ख) घरेलु उद्योगको हकमा दश हजार रुपैयाँ,

(ख) साना उद्योगको हकमा पच्चिस हजार रुपैयाँ,

(२) कुनै उद्योगले आफ्नो उद्देश्य विपरित कार्य गरेमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा प्रमुखले

त्यस्तो उद्योगलाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा दुई हजार रुपैयाँसम्म,

(ख) घरेलु उद्योगको हकमा पच्चिस हजार रुपैयाँसम्म,

(ख) साना उद्योगको हकमा पचास हजार रुपैयाँसम्म,

(३) कुनै उद्योगले दफा १० बमोजिम तोकिएको अबधि भित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गरेको जानकारी नदिएमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा प्रमुखले त्यस्तो उद्योगलाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा छ महिनासम्मको लागि दुई हजार रुपैयाँ,

(ख) घरेलु उद्योगको हकमा छ महिनासम्मको पाँच हजार रुपैयाँ,

(ख) साना उद्योगको हकमा छ महिनासम्मको दश हजार रुपैयाँ,

(४) कुनै उद्योगले दफा १२ बमोजिम स्वीकृति नलिई उद्योगको स्थानान्तरण गरेमा वा दफा १६ बमोजिम स्वीकृति नलिई पुँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप वा परिवर्तन गरेमा प्रमुख प्रशासकीय अधिकृतको

सिफारिसमा प्रमुखले त्यस्तो उद्योगलाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा पाँच हजार रुपैयाँसम्म,

(ख) घरेलु उद्योगको हकमा पच्चिस हजार रुपैयाँसम्म,

(ग) साना उद्योगको हकमा पचास हजार रुपैयाँसम्म,

(घ) दफा ९ बमोजिम अनुमति आवश्यक पर्ने उद्योगको हकमा खण्ड (ख) वा (ग) बमोजिम लाग्ने जरिबानामा शतप्रतिशत थप जरिबाना।

(५) कुनै उद्योगले दफा १३ बमोजिम तोकिएको विवरण तोकिएको अबधि भित्र उपलब्ध नगराएमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा प्रमुखले त्यस्तो उद्योगलाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा एक हजार रुपैयाँ,

(ख) घरेलु उद्योगको हकमा दुई हजार रुपैयाँ,

(ग) साना उद्योगको हकमा पाँच हजार रुपैयाँ,

(६) कुनै उद्योगले दफा २७ विपरित हुने गरी कुनै कार्य गरेमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा प्रमुखले त्यस्तो उद्योगलाई उपलब्ध गराएको प्रोत्साहन, छुट, सुविधा वा सहुलियत जुनसुकै बखत रोक्का गर्न, त्यस्तो प्रोत्साहन, छुट, सुविधा वा सहुलियत

बरावरको रकम असुल उपर गर्न वा सो बराबरको रकम जरिबाना गर्न सक्नेछ।

(७) कुनै उद्योगले दफा ३८ बमोजिम व्यवसायिक सामाजिक जिम्मेवारी बहन नगरेमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा प्रमुखले त्यस्तो उद्योगको बार्षिक खुद मुनाफाको एक दशमलव पाँच प्रतिशतले हुन आउने रकम जरिबाना गर्न सक्नेछ। त्यस्तो जिम्मेवारी एक आर्थिक बर्षभन्दा बढि अबधिमा बहन नगर्ने उद्योगलाई प्रतिवर्ष बार्षिक खुद मुनाफाको शुन्य दशमलव पाँच प्रतिशतका दरले थप जरिबाना गर्नेछ।

(८) कुनै उद्योगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पालना गर्नु पर्ने शर्त वा महाशाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले समय समयमा दिएको निर्देशन पालना नगरेमा त्यस्तो उद्योगलाई प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा प्रमुखले देहाय बमोजिमको जरिबाना गर्नेछ।

(क) लघु उद्यमको हकमा लागि पाँच हजार रुपैयाँसम्म,

(ख) घरेलु उद्योगको हकमा पचास हजार रुपैयाँसम्म,

(ख) साना उद्योगको हकमा एकलाख रुपैयाँसम्म,

(९) यस दफामा लेखिएदेखि वाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरित अन्य कुनै काम

गर्ने उद्योगलाई प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा प्रमुखले देहाय बमोजिमको जरिबाना गर्नेछ।

(क) लघु उद्यमको हकमा लागि दश हजार रुपैयाँसम्म,

(ख) घरेलु उद्योगको हकमा पन्ध्र हजार रुपैयाँसम्म,

(ग) साना उद्योगको हकमा पच्चिस हजार रुपैयाँसम्म।

(१०) यस दफामा बमोजिम जरिबाना लगाउँदा दफा ९ बमोजिम अनुमति वा सहमति लिनु पर्ने उद्योगको हकमा यस दफा बमोजिम लाग्ने जरिबानाको पचास प्रतिशत थप जरिबाना लाग्नेछ।

**२९. <u>सफाई पेश गर्ने मौका दिईनेः</u>** यस परिच्छेद बमोजिम कुनै उद्योगलाई सजाय गर्दा सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ।

**३०. <u>पुनरावेदन सम्बन्धी व्यवस्थाः</u>** (१) दफा परिच्छेद बमोजिमको भएको सजायको आदेश उपर चित्त नबुझेमा त्यस्तो सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**३१. <u>सरकारी बाँकी सरह असुल गरिनेः</u>** यस ईन बमोजिम लागेको जरिवाना रकम प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

## परिच्छेद-६
## उद्योग प्रवर्द्धन समिति

**३२. <u>उद्योग प्रवर्द्धन समितिको गठन</u>** : (१) महानगरपालिका क्षेत्रमा स्थानीय उद्योगको प्रवर्द्धन सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन देहाय बमोजिमको उद्योग प्रवर्द्धन समिति रहनेछः-

(क) प्रमुख - अध्यक्ष

(ख) उप प्रमुख - उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) संयोजक, महानगरपालिकाको उद्योग हेर्ने विषयगत समिति - सदस्य

(ङ) प्रमुखले कार्यपालिका सदस्यहरू मध्येबाट मनोनयन गरेको एक जना महिला सहित बढीमा दुई जना - सदस्य

(च) उद्योगसँग सम्बद्ध छाता संगठनका प्रतिनिधिहरू मध्येबाट प्रमुखले मनोनयन गरेको कम्तिमा एक जना महिला सहित बढीमा दुई जना व्यक्ति - सदस्य

(छ) महामहाशाखा प्रमुख, राजस्व प्रशासन महाशाखा - सदस्य

(ज) महामहाशाखा प्रमुख, कानून महाशाखा - सदस्य

(झ) महाशाखा प्रमुख, - सदस्य सचिव

(२) समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। समितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञ, सरोकारवाला निकाय एवं सम्बद्ध उद्योग व्यवसायी संघ संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको सचिवालयको काम महाशाखाले गर्नेछ ।

(४) उपदफा (१) को खण्ड (घ) र (च) बमोजिमका मनोनित सदस्यको कार्य दुई वर्षको हुनेछ ।

**३३. <u>समितिको काम, कर्तव्य र अधिकारः</u>**

(१) दफा ३२ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) महानगरपालिकाको औद्योगिक प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिक सम्बन्धमा देखा परेका समस्या समाधानका लागि आवश्यक पहल गर्ने,

(ख) महानगरपालिकामा रहेका उद्योग सञ्चालनमा कुनै बाधा, अड्काउ वा दुविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) उद्योगको विकास प्रवर्द्धन गर्ने,

(घ) औद्योगिक प्रदूषण न्यूनिकरणका लागि आवश्यक पहल गर्ने,

(ङ) प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा सुविधा सहुलियत उद्योगहरूलाई दिलाउन कुनै कठिनाइ आइपरेमा सोको निराकरणका लागि आवश्यक पहल गर्ने,

(च) उद्योगीको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(छ) महानगरपालिकाको एकीकृत औद्योगिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याउन सुझाव दिने,

(ज) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र समन्व्ययपूर्ण सहकार्यमा महानगरपालिकामा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने वा गराउने,

(झ) औद्योगीकरणको गतिलाई तीब्रता दिन औद्योगिक पूर्वाधारको लागि आवश्यक कार्य गर्ने वा गराउने,

(ञ) औद्योगिक ग्राम सरकारी निजी सहकार्यता मोडेलमा स्थापना गर्न सहजीकरण गर्ने,

(ट) उद्योग तथा लगानी प्रवर्द्धन सम्बन्धी स्थानीय तहमा कार्यान्वयन हुने कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सहयोग गर्ने,

(ठ) स्वदेशी वस्तुको प्रवर्द्धन सम्बन्धी कार्य गर्ने,

(ड) उद्योग प्रवर्द्धनको लागि सम्बन्धित प्रदेश तथा संघीय मन्त्रालयमा आवश्यक पृष्ठपोषण दिने,

(ढ) उद्योग क्षेत्रको विकास र प्रवर्द्धन लागि अन्य आवश्यक कार्य गर्ने ।

(२) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ।

## परिच्छेद -७

## विविध

**३४. औद्योगिक जनशक्तिः** (१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रियस्तरको पत्रिकामा विज्ञापन प्रकाशन गर्दा पनि उद्योगको लागि चाहिने कुनै खास सिप वा दक्षता भएको

जनशक्ति नेपालि नागरिकमध्येबाट उपलब्ध हुन नसकेमा श्रम बिभागको सिफारिसमा श्रम स्वीकृति लिई बढीमा पाँच वर्षसम्मको लागि त्यस्तो उद्योगले बिदेशी नागरिकलाई करारमा कामकाज गराउन सक्नेछ ।

(३) उद्योगमा कार्यरत कामदार तथा कर्मचारीले उद्योगको सञ्चालन तथा त्यसको उत्पादनमा बाधा अवरोध पुग्ने गरी बन्द हड्ताल जस्ता कुनै पनि काम कारबाही गर्न पाउने छैनन् ।

तर कामदार तथा कर्मचारीले आफ्ना जायज मागहरू शान्तिपूर्ण ढंगले व्यवस्थापन समक्ष राख्न र आपसी समझदारीमा विवादको समाधान गर्न यो उपदफाले बाधा पु-याएको मानिने छैन ।

(४) उद्योग र श्रमिकविच उत्पन्न व्यक्तिगत तथा सामूहिक विवादको समाधान श्रम सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

(५) वैदेशिक कामदार समबन्धी अन्य व्यवस्था प्रचलित संघीय औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिम हुनेछ।

३५. **<u>रुग्ण उद्योगको पहिचान, वर्गीकरण र सुविधा, सहुलियत तथा छुट</u>**: (१) रुग्ण उद्योगको पहिचान प्रचलित कानून अनुसार हुनेछ ।

(२) रुग्ण उद्योगलाई दिनुपर्ने छुट सुविधा, सहुलियत वा अनुदान कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**३६.** **<u>करार गरी उत्पादन गर्न सक्नेः</u>** कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले आपसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सब-कन्ट्र्याक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्ने कुनै निर्यातमूलक उद्योग वा निर्यात प्रवर्द्धन गृहको लागि देहाय बमोजिमको मापदण्ड पूरा गरि करार वा उपकरारका आधारमा निश्चित परिणाममा वस्तु वा सेवाको उत्पादन गरेमा त्यस्तो उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई कार्यपालिकाले छुट, सुविधा वा सहुलियत उपलब्ध गराउन सक्नेछः-

(क) कार्यपालिकाले तोके बमोजिम निश्चित परिणाममा वस्तु वा सेवा उत्पादन गरेको,

(ख) स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरेको वा आयातित कच्चा पदार्थ भए कम्तिमा तीस प्रतिशत मूल्य बृद्धि हुने गरी वस्तु वा सेवा उत्पादन गरेको,

(ग) उद्योगले आफ्नो उत्पादनको कम्तिमा चालिस प्रतिशत उत्पादन निर्यात प्रयोजनको लागि

निर्यातमूलक उद्योग वा निर्यात प्रवर्द्धन गृहलाई उपलब्ध गराएको,

(घ) दर्ता भएको ट्रेडमार्क प्रयोग गरेको ।

**३७. <u>कोष सम्बन्धी व्यवस्थाः</u>** (१) कार्यपालिकाले महानगरपालिकाको औद्योगिक विकास, प्रवर्द्धन तथा संरक्षणका लागि निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा आवश्यकता अनुसार देहायका कुनै वा सबै कोष खडा गर्न सक्नेछः-

(क) लघु, घरेलु तथा साना उद्यम विकास कोष,

(ख) जोखिम पुँजी कोष,

(ग) प्रविधि विकास कोष,

(घ) औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन कोष,

(ङ) रूग्ण उद्योग पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन कोष,

(च) महिला उद्यमशीलता कोष ।

(२) उपदफा (१) मा उल्लिखित कोषमा जम्मा हुने रकम, त्यस्ता कोषको व्यवस्थापन र सञ्चालन सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत महानगरपालिकाले उपदफा (१) मा उल्लेखित कुनै कोष

सञ्चालन गरेको भए त्यस्तो कोष यसै ऐन बमोजिम स्थापना र सञ्चालन भएको मानिनेछ ।

३८. **व्यवसायिक सामाजिक जिम्मेवारीः** (१) बार्षिक रु. पाँचकरोड सम्म कारोवार गर्ने घरेलु तथा साना उद्योगले प्रत्येक आ.ब. मा बार्षिक खुद मुनाफाको ०.५ प्रतिशत र सो भन्दा बढि कारोबार गर्ने उद्योगले कम्तीमा १ प्रतिशत रकम व्यवसायिक सामाजिक जिम्मेवारी वहन गर्ने प्रयोजनको लागि छुट्याउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छुट्याइको रकम बार्षिक योजना तथा कार्यक्रम वनाई तोकिए बमोजिम खर्च गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम आर्थिक बर्षमा सम्पन्न गरेको कार्यक्रम र त्यस्तो कार्यक्रममा खर्च रकमको विवरण आर्थिक बर्ष व्यतित भएको छ महिना भित्र महाशाखा समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम व्यवसायिक सामाजिक जिम्मेवारीका लागि छुट्याएको रकम आयकर प्रयोजनका कट्टी गर्न पाइनेछ।

३९. **पुरस्कृत गर्न सकिनेः** कार्यपालिकाले उद्योगहरू मध्येबाट आवश्यक मानक तयार गरी उत्कृष्ट उद्योगलाई राष्ट्रिय उद्योग दिवसको अवसरमा पुरस्कृत गर्न सक्नेछ।

४०. **बजार प्रवर्द्धन गर्न सक्नेः** कार्यपालिकाले उद्योगहरूको उत्पादनको बजारप्रवर्द्धन गर्न आवश्यक कार्यहरू गर्न सक्नेछ।

४१. **औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लस्टर घोषणा गर्न सक्नेः** औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको महानगरपालिकाको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमको मापदण्डका अधिनमा रही कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी सरकारी निजी सहकार्यतामा औद्योगिक ग्राम तथा औद्योगिक क्लस्टर घोषणा गरी तोकिए बमोजिम सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ।

४२. **उद्योगको गुनासो व्यवस्थापन गर्नेः** उद्योगलाई कुनै मर्का परेमा उल्लेखित फेहरिस्त सहितको गुनासो महाशाखामा पेश गर्न सक्नेछ। उक्त गुनासो उपर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

४३. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

४४. **<u>दोहोरो सुबिधा प्रदान गर्न नहुनेः</u>** (१) यस ऐन र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकार तथा महानगरपालिकाले कुनै उद्योगलाई सेवा, सुबीधा वा सहुलियत प्रदान गर्दा दोहोरो पर्ने गरी कुनै सेवा, सुबिधा वा सहुलियत प्रदान गर्न हुदैन।

(२) यस दफा प्रयोजनका लागि सेवा सुबिधा तथा सहुलियत दोहोरो लिएको छैन भनी सम्बन्धित उद्योगले स्व-घोषणा गरको हुनु पर्नेछ।

४५. **<u>अधिकार प्रत्यायोजनः</u>** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम समितिलाई प्राप्त अधिकार मध्ये केही अधिकार समितिले आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृत वा महाशाखा प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम महाशाखालाई प्राप्त अधिकार मध्ये केही अधिकार अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४६. **<u>यसै ऐन बमोजिम हुनेः</u>** यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्यको हकमा प्रचलित कानून अनुसार हुनेछ।

**४७. अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्नेः**
कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ।

**४८. नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने अधिकारः** यस ऐनलाई कार्यान्वयन गर्न एवं उद्योगको दर्ता, नियमन सम्बन्धी कामकारबाहीलाई सरल बनाउन कार्यपालिकाले आवश्यकता अनुसार नियम निर्देशिका, कार्यविधि वा मापदण्ड बनाइ लागू गर्न सक्नेछ।

## अनुसूची -१

(दफा १८ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित )

**घरेलु उद्योगहरू**

१. हात वा खुट्टाले चलाउने र अर्धस्वचालित तान (ह्याण्ड लुम, पेडल लुम, सेमी-अटोमेटिक लुम), कपडा वार्पिङ, परम्परागत प्रविधिबाट गरिने रंगाई, छपाइ, सिलाई (तयारी पोशाक बाहेक) र बुनाइ,

२. उन र रेशममा आधारित हाते बुनाइका राडी, पाखी, गलैंचा, पश्मिना, पोशाक, हातेकागज र सो मा आधारित वस्तु,

३. परम्परागत कलामा आधारित वस्तु,

४. परम्परागत मूर्तिकला,

५. तामा, पित्तल, ढलौट, कांस र जर्मनसिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकला सामान,

६. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरू,

७. सुन चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरू (बहुमूल्य, अर्ध-बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत),

८. स्वदेशमा उपलब्ध किमती, अर्ध किमती तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण छालाबाट बनेका हस्तनिर्मित वस्तुहरू,

९. जुट, सवाई घाँस, चोया, बाबियो, सुति धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,

१०. पत्थरकला (ढुंगा कुँदी बनाइएका सामानहरू),

११. पौभा, थान्का चित्र र अन्य परम्परागत चित्रकला,

१२. मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृतिक दर्शाउने पुतली र खेलौना,

१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने बिभिन्न प्रकारका हस्तकलाका वस्तु,

१४. काठ, हाड, सिङ् तथा माटो, चट्टान र खानिजका कलात्मक वस्तुहरू, सेरामिक्स तथा माटाका भाँडाकुँडा,

१५. हातले छाप्ने इँटा उद्योग ।

# अनुसूची -२

(दफा १८ को उपदफा (२) को खण्ड (क) संग सम्बन्धित)

**ऊर्जामुलक उद्योग:**

१. जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्याँस, वायोमास वा अन्य स्रोतहरूबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो ऊर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन/उपकरण निर्माण गर्ने उद्योग,

२. विद्युत प्रसारण लाईन,

३. विद्युत वितरण प्रणाली

४. बायोग्यासमा आधारित उर्जा।

# अनुसूची -३

(दफा १८ को उपदफा (२) को खण्ड (ग) संग सम्बन्धित)

**कृषि, पशुपंक्षी तथा बन पैदावार आधारित उद्योगः**

१. फलफुल खेती वा फलफुल प्रशोधन,

२. खाद्यवस्तुको उत्पादन र प्रशोधन तथा भन्डारण,

३. पशुपालन, पंक्षीपालन (अस्ट्रिच समेत), पशुपंक्षी प्रजनन, चल्ला काड्ने व्यवसाय र मासु उत्पादन तथा प्रशोधन,

४. मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ,

५. दुग्ध तथा दुग्धजन्य पदार्थ उत्पादन तथा प्रशोधन

६. रेशम खेती तथा रेशम प्रशोधन,

७. चिया बगान, चिया प्रशोधन,

८. कफी खेती, कफी प्रशोधन,

९. तरकारी लगायतका बिउ, बिजन उपादन

१०. तरकारी खेती, हाते तरकारी प्रशोधन,

११. हरित गृह स्थापना र सञ्चालन,

१२. मौरीपालन (मौरी प्रजनन्, मह उत्पादन र प्रशोधन)

१३. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बिउ बिजन उत्पादन समेत, नर्सरी व्यवसाय,

१४. रबर खेती

१५. शित भण्डार सञ्चालन, कृषि बजार सञ्चालन तथा व्यवस्थापन

१६. नगदेबाली व्यवसायिक खेती (जस्तैः उखु, कपास, सजीवन, स्विट सरघम, अलैंची,अदुवा, केशर, तेलहन र यस्तै मसलावाली, दलहन आदि उत्पादनहरू)

१७. बनस्पती उद्यान स्थापना र व्यवस्थापन, बनस्पती प्रजनन् व्यवसाय (टिस्यु कल्चर समेत),

१७. च्याउ खेती तथा प्रशोधन।

१६. अन्य गैर काष्ठजन्य वन पैदावारमा आधारित ।

नोटः यस अनुसूचीको हकमा "**प्रशोधन**" भन्नाले वातावरणलाई असर नगर्ने प्रकारका हाते तथा अर्ध-स्वचालित प्रविधि मात्र प्रयोग गरी प्रशोधन गर्ने उद्योगलाई जनाउँछ।

# अनुसूची-४

(दफा १८ को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धित)

## पर्यटन उद्योग

१. पर्यटन आवास, मोटेल, होटेल, रिजोर्ट तथा रेस्टुराँ,

२. ट्राभल एजेन्सी, टुर अपरेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज स्पा,

३. साहसिक पर्यटन (ट्रेकिङ्ग, स्किइङ्ग, पाराग्लाईडीङ्ग, हट एअर ब्यालुनिङ्ग, क्यानोनिङ्ग, प्यारासेलिङ्ग, घोडाचढी, बन्जी जम्पिग, जिपप्लायर, स्काइ वाकिङ्ग, स्काइडाइभिङ्ग)

४. गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा,साइक्लिङ्ग

५. ग्रामीण पर्यटन; होम स्टे तथा पर्यावरणीय पर्यटन,

६. सांस्कृतिक, धार्मिक सभा सम्मेलन

७. खेलकुद पर्यटन

८. मनोरञ्जन पार्क, वाटर पार्क

९. संग्राहलय

## अनुसूची -५

(दफा १८ को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धित)

### सूचना सञ्चार प्रविधिमा आधारित उद्योग

### क. सूचना प्रविधि उद्योग

(१) टेक्नोलोजी पार्क,

(२) आइ.टी. पार्क,

(३) बायोटेक पार्क,

(४) सफ्टवेयर विकास,

(५) कम्प्युटर तथा सोसँग सम्बन्धित सेवाहरू,

(६) तथ्यांक प्रशोधन,

(७) साइबर क्याफे,

(८) डिजिटल म्यापिङ,

(९) डाटा सेन्टर, डाटा माइनिङ, क्लाउड कम्प्युटिङ्ग

(१०) डिजिटल सिग्नेचर, सर्टिफाइङ्ग एजेन्सी

(११) बिजिनेश प्रोसेस आउटसोर्सिङ्ग (BPO) नलेज प्रोसेस आउटसोर्सिङ्ग (KPO)

(१२) वेभ पोर्टल, वेभ डिजानिङ्ग सेवा, वेभ होस्टिङ्ग, अनलाइन वर्गिकृत विज्ञापन सेवा।

### ख. सञ्चार प्रविधिमा आधारित उद्योग

(१) इन्टरनेट सर्भिस प्रोभाइडर (ISP),

(२) सामाजिक सञ्जाल, अनलाइन म्यासेज, भिडियो कल, कन्फरेन्स।

**ग. सूचना, प्रसारण प्रविधिमा आधारित उद्योग**

(१) एफ.एम. रेडियो, डिजिटल रेडियो सेवा,

(२) डिजिटल भू-सतही टेलिभिजन, स्याटेलाइट टेलिभिजन, केबुल टेलिभिजन,

(३) आइ. पि० टेलिभिजन, अनलाइन सेवा,

(४) डिजिटल केबुल टेलिभिजन, नेटवर्क, डाइरेक्ट-टु-होम (D.T.H.). स्याटलाइट सेवा, एम. एम. डि. एस. नेटवर्क, डिजिटल टेलिभिजन (D.T.TV) नेटवर्क

(५) रेकोर्डिङ स्टुडियो, प्रसारण स्टुडियो,

(६) छापा सञ्चार(प्रिन्ट मिडिया) उद्योग, श्रव्य-दृश्य (अडियो भिजुअल) सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,

(७) सिनेमा उत्पादन, सिनेमाहल, मल्टिप्लेक्स सिनेमा हाल, फिल्म सिटी निर्माण, फिल्म स्टुडियो निर्माण

## अनसुची -६

(दफा १८ को उपदफा (२) को खण्ड (छ) सँग सम्बन्धित)

**पूर्वाधार उद्योग** (दफा १८ को पुँजीको सिमा भित्र रही निर्माण तथा सञ्चालन हुने पूर्वाधार उद्योग)

१. साझा सुबिधा केन्द्र निर्माण तथा सञ्चालन
२. सवारी पार्किङ्ग
३. निर्यात प्रशोधन
४. औद्योगिक संरचना
५. खानेपानी आपूर्ति र वितरण
६. घर तथा आवास भवन
७. निजी वेयर हाउस
८. खेलकुद गृह

## अनसुची -७

(दफा १८ को उपदफा (२) को खण्ड (ज) सँग सम्बन्धित)

**सेवामूलक उद्योग**

१. यान्त्रिक कार्यशाला (वर्कशप),

२. छापाखाना तथा छपाई सम्बन्धी सेवा,

३. पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु

४. जिनिङ्ग तथा बेलिङ्ग व्यवसाय

५. प्रदर्शनी सेवा,

६. सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,

७. निर्माण व्यवसाय,

८. सार्वजनिक यातायात व्यवसाय

९. नक्सा डिजाइनिङ्ग सम्बन्धी सेवा,

१०. फोटोग्राफी,

११. नर्सिङ्ग होम, क्लिनिक, पोलिक्लिनिक, पुनःस्थापना गृह सञ्चालन, फिजियोथेरापी क्लिनिक,आयुर्वेद तथा अन्य वैकल्पिक अस्पताल,

१२. फुटसल, शारिरिक व्यायाम, योग-ध्यान तथा अभ्यास केन्द्र सञ्चालन

१३. शिक्षण एवं प्रशिक्षण संस्था,

१४. पुस्तकालय, अभिलेखालय तथा संग्रहालय सेवा,
१५. प्रयोगशाला,
१६. खेलकूद सेवा, स्विमिङ्ग पुल
१७. शीत भण्डार सञ्चालन (गैह्र कृषिजन्य),
१८. हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत,
१९. फोह्रोरमैला संकलन तथा सरसफाई, फोहरमैला पुनःप्रशोधन,
२०. घर जग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने व्यवसाय,
२१. निर्माण सम्बन्धी भारी उपकरण (ह्रेभी इक्वीपमेण्ट) भाडा, मर्मत तथा सञ्चालन,
२२. पशु चिकित्सा सेवा,
२३. व्याट्री रिचार्जिङ्ग,
२४. स्वास्थ्य परीक्षण (एक्स–रे, सिटी स्क्यान, एम.आर.आइ, अल्ट्रासाउन्ड जस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,
२५. खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य,
२६. कुरियर सेवा,
२७. ड्राइक्लिनिङ्ग व्यवसाय,
२८. व्यूटी पार्लर,
२९. आन्तरिक सजावट (इण्टेरियर डेकोरेशन),

३०. सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय,
३१. प्रकाशन सेवा,
३२. विज्ञापन सेवा,
३३. विज्ञापन सामग्री तयार गर्ने सेवा,
३४. टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलीफिल्म उत्पादन तथा प्रसारण,
३५. स्वाइल टेष्टिङ्ग सेवा,
३६. स्वास्थ्य (हेल्थ) क्लव,
३७. पानी प्रशोधन, ढुवानी तथा वितरण सेवा,
३८. जुलोजिकल तथा जियोलोजिकल पार्क सञ्चालन,
३९. व्यवसाय सम्वर्द्धन सेवा (विजिनेस इन्क्यूवेसन सर्भिस),
४०. व्यापारिक कम्प्लेक्स सञ्चालन,
४१. वायोटेक पार्क,
४२. सिलाई बुनाई,
४३. ढुवानी तथा कार्गो सेवा,
४४. छात्रावास,
४५. अनुसन्धान तथा विकास सेवा ।
४६. क्याटरीङ्ग तथा पार्टि प्यालेस सञ्चालन
४७. साहित्यि, लोक दोहरी तथा गजल साउण्ड म्यूजिकल उपकरण सेवा
४८. मेसनरी वा उपकरण भाडामा दिने

४९. छात्रावास

५०. वालवच्चा स्याहार केन्द्र

५१. पानी वोरीङ्ग सेवा

५२. कङ्क्रीट रेडीमिक्स

५३. फोहोरमैला संकलन तथा व्यवस्थापन सेवा

५४. सुकर

५५. भाषा शिक्षण

५६. वृद्धाश्रम तथा जेष्ठ नागरिक स्याहार सेवा

५७. निर्माण भइसकेका पूर्वाधारहरुको सञ्चालन तथा व्यवस्थापन सेवा (सभा सम्मेलन भवन, खानेपानी आपूर्ति, इन्धनतथा इन्धनजन्य आपूर्ति सेवा, गोदामघर तथा भण्डारण आदि)

# अनसुची -८

(दफा २० सँग सम्बन्धित)

**प्राथमिकता प्राप्त उद्योग**

१. घरेलु उद्योग

२. उर्जामूलक उद्योग

३. कृषि, पशुपंक्षी तथा वन पैदावर उद्योग

४. पूर्वाधार उद्योग

५. निर्यातमूलक उद्योग

६. सूचना प्रविधि उद्योग

७. चलचित्र निर्माण

८. महानगरपालिकाले प्राथमिकता प्राप्त भनी समय समयमा तोकिदिएका उद्योगहरु।